अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८,   संख्याः ५, गोरखा,   भदौ १९ गते २०८१, अतिरिक्तांक : ५

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष सञ्चालन कार्यविधि- २०८१ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष सञ्चालन कार्यविधि-२०८१

# अजिरकोट गाउँपालिका

## एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष सञ्चालन कार्यविधि-२०८१

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१

**प्रस्तावनाः-** अजिरकोट गाउँपालिका भित्रका सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल तथा दलित महिला तथा सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना गरि आर्थिक तथा सामाजिकरुपमा सशक्तिकरण गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष संचालन कार्यविधि-२०८१ तयार गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **एकल महिला, दलित महिला ,सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय संचालन सहयोग कोष संचालन कार्यविधि-**२०८१ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागू हुने छ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कोष" भन्नाले यस कार्यविधि ४ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको व्यवसाय संचालन सहयोग कोषलाई सम्झनु पर्दछ ।

ख) “गाउँपालिका” भन्नाले अजिरकोट गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) “वडा कार्यालय” भन्नाले अजिरकोट गाउँपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

घ) “सञ्चालक समिति" भन्नाले कार्यविधिको ५ नं. बँदामा उल्लेख गरे बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

ङ) "व्यवसाय तथा उद्यम" भन्नाले श्रम तथा पुँजि लगानी गरि संचालन गरिएको व्यवसायलाई सम्झिनु पर्दछ।

## ३. कोषको उद्देश्य

क) कृषि,पशुपन्क्षी तथा अन्य व्यावसाय संचालन गर्नेको लागि सहायता रकम उपलव्ध गराई विपन्न र जोखिम अवस्थामा रहेका महिलाहरुको जिविस्तरमा सुधार ल्याउनु।

ख) उद्यमशिलता तथा व्यवसायिकरण मार्फत दलित, एकल तथा दण्डपिडित परिवारका महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु

ग) सामाजिक आर्थिक दृष्टिले कमजोर अवस्थामा रहेका महिलाहरुको प्रवर्द्धन तथा संरक्षण गर्नु

## ४. कोषको स्थापना

क) अजिरकोट गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई सामाजिक आर्थिक दृष्टिले कमजोर र आपतकालिन अवस्थामा रहेका गाउँपालिका भित्रका एकल,दलित ,सहिद परिवार तथा वेपत्ता पारिएका व्यक्तिहरुको परिवारको महिला सदस्यहरुको आर्यआर्जनको वृद्धि गर्न व्यवसाय संचालनको लागि सहायता रकम उपलव्ध गराउन "एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष-२०८१" स्थापना गरिने छ।

ख) "एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष-२०८१मा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. अजिरकोट गाउँपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि ।

## ५. सञ्चालक समितिको गठन

कोषको व्यवस्थापन सञ्चालन एवं लाभग्राही छनोटको लागि देहाय बमोजिमको सञ्चालक समिति रहने छ ।

क) कोष सञ्चालक समितिः—

१. गाउँपालिका उपाध्यक्ष — अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

३. सामाजिक विकास समितिको संयोजक — सदस्य

४. महिला तथा वालवालिका विकास शाखा प्रमुख — सदस्य सचिव

## ६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

क) एकल दलित तथा दण्डपिडित महिलाबाट व्यवसाय स्थापनाको लागि प्रस्तावना सहित सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

ख) समुदायम स्तरमा कुनै एकल, दलित तथा दण्डपिडित महिला विपन्न तथा जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा नगद वा अन्य सहयोग गर्ने र सोको विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक वर्षमा कार्य प्रगति विवरण गाउँपालिकामा पेश गर्ने,

ङ) एकल महिला दलित महिला तथा दन्द्धपिडित महिला व्यवसाय स्थापना कोषको रकम दुरुपयोग हुन नदिन आवश्यक कदम चालने,

च) व्यवसाय स्थापना कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

छ) कोषको आय—व्ययको विवरण अद्यावधिक गरी गाउँपालिकामा पेश गर्ने,

ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ—संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

झ) महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग आवश्यक समन्वय गर्ने ।

## ७. रकम उपलब्ध गराउन सक्ने

(१) एकल महिला,दलित महिला तथा दण्डपिडित महिलाहरुले प्रस्तावना सहितको निवेदन पेश गरे पश्चात संचालक समितिले निवेदनमा छलफल गरि सहायता रकम उपलब्ध गराउन उचित देखिएमा प्रतिव्यक्ति रु. २००००।- सम्म संचालक समितिको निर्णय बमोजिम रकम महिलालाई उपलव्ध गराउन सकिनेछ ।

## ९. सञ्चालक समितिको बैठक

सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ,

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्ने छ,

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

ङ) सञ्चालक समितिको सम्पर्क स्थान अजिरकोट गाउँपालिकाको महिला तथा बालबालिका शाखामा रहने छ।

## १०. निवेदन दिन सक्ने

आर्थिक रुपमा विपन्न एकम महिला दलित महिला, द्धन्दपिडित महिलाहरुले व्यवसाय स्थापना सहयोगको लागि आफुले के व्यवसाय संचालन गर्न लागेको हो सो व्यवसाय संचालनको लागि लाग्ने अनुमानित कुल लागत, व्यवसाय पश्चातको योजना सहितको विस्तृत प्रस्तावना सहित आफ्नो परिचय खुल्ने गरी अजिरकोट गाउँपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला महिलाले अजिरकोट गाउँपालिका गाउँकार्यपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

## ११. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजात

१) सहयोग माग गर्ने व्यहोराको निवेदन

२) माग गर्ने महिलाको नागरिकताको प्रतिलिपि

३) एकल,दलित तथा दण्डपिडित भएको प्रमाणित गर्ने कागजात

४) वडाको सिफारिस

५) संचालन गर्ने लागेको व्यावसायको व्यवसायिक योजना सहितको प्रस्तावना

## १२. खाताको सञ्चालन तथा लेखा परिक्षण

(१) एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष रकम समितिको निणर्यले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) दफा १३ को उपदफा १ बमोजिमको खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

## १३. कोषको रकम फ्रिज नहुने

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

## १४. कार्यविधिको व्याख्या तथा संशोधन

यस कार्य विधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निणर्य गरिनेछ । साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिको राय लिई गाउँ कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ।

## १५. कोष खारेज हुन सक्ने अवस्था

कनै कारणबस एकल महिला, दलित महिला, सहिद तथा बेपत्ता पारिएका परिवारका महिला सदस्यहरुको लागि व्यवसाय स्थापना सहयोग कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित गाउँ कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिकाको निणर्यले खारेज गर्न सकिनेछ । र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिकाको संचित कोष खातामा जम्मा हुनेछ।

आज्ञाले

नवराज अवस्थी

प्रमुख प्रशासिकय अधिकृत